म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३०५ सोमबार, २ असार २०८२ ने. सं. ११४५ तछलागा 16 June 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## निगमले गर्‍यो पेट्रोलीयममा मूल्यबृद्धि

हेटौंडा, १ असार/नेपाल आयल निगमले सोमबारदेखि लागु हुने गरी पेट्रोल र डिजेलको मूल्य बढाएको छ । यसअनुसार पेट्रोलमा प्रतिलिटर एक रुपैयाँ र डिजेलमा प्रतिलिटिर दुई रुपैँया मूल्य बढाइएको हो । इण्डियन आयल कर्पोरेशनबाट आज १५ जुन २०२५ (१ असार २०८२) मा प्राप्त पेट्रोलियमपदार्थको नयाँ खरिद मूल्य अनुसार प्रतिलिटर पेट्रोलमा १ रुपैयाँ ४१ पैसा र डिजेलमा १ रुपैयाँ ६७ पैसाले बढेर आएको निगमले जनाएको छ ।

निगम सञ्चालक समितिको निर्णयबमोजिम आइतबार मध्यरातदेखि लागू हुनेगरी साविकको खुद्रा बिक्रीमूल्यमा प्रतिलिटर पेट्रोलमा १ रुपैयाँ र डिजेल/मट्टितेलमा प्रतिलिटर २ रुपैयाँले बढाइएको निगमद्वारा जारी गरिएको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

# बागमती सरकारको बजेट ६७ अर्ब ४७ करोड

## प्रतिपक्षी दलको टिप्पणी: दुई तिहाईको सरकारले बल्ल तल्ल बजेट ल्याउन सक्यो

साझाकुरा संवाददाता

हेटौंडा, १ असार/ बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ मा बजेटको आकार बढाएको छ ।

आइतबार बसेको प्रदेशसभा बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्लेले ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजारको बजेट विनियोजन गरेका हुन । सत्तापक्षबीच नै बजेटको आकारको विषयमा कुरा नमिल्दा ३ बजे बोलाइएको प्रदेशसभा बैठकमा बेलुका ८:३० बजे बसेको थियो । सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेबीच ६८ अर्बको बजेट ल्याउने सहमति भएकोमा बजेटको आकार झण्डै ४ अर्ब बढाइएको भन्दै सरकारमा मतभेत सृजना भएको थियो । अन्ततः बजेटको आकार ६८ अर्बमै यथावत राखिएपछि साँझ बसेको मन्त्रिपरिषद् बैठकले बजेट अनुमोदन गरेको थियो । प्रदेश सरकारले चालु आर्थिक वर्षको तुलनामा ५ प्रतिशत बजेट वृद्धि गरेको हो ।

आगामी आर्थिक वर्षका लागि चालु तर्फ २६ अर्ब ४ करोड ४६ लाख रुपैयाँ (३८.६ प्रतिशत) र पूँजीगत तर्फ ४१ अर्ब ४३ करोड २६ लाख रुपैयाँ (६१.४ प्रतिशत) बजेट विनियोजन गरिएको छ । प्रदेश सरकारले बजेट कार्यक्रमको खर्च व्यहोर्ने स्रोत तर्फ कर राजस्वबाट २८ अर्ब ७८ करोड ८२ लाख रुपैयाँ, अन्य ६ अर्ब ७९ करोड ४ लाख रुपैयाँ अनुमान गरिएको छ । संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण बाट ४१ अर्ब ८१ करोड ९३ लाख रुपैयाँ, सञ्चित कोण विविध प्राप्ति १६ अर्ब ९८ करोड ९४ लाख रुपैयाँ खर्च व्यहोर्ने स्रोत अनुमान गरिएको छ ।

प्रदेश सरकारले भौतिक पूर्वाधार विकासका लागि २४ अर्ब ८० करोड १९ लाख रुपैयाँ,



खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालयका लागि ७ अर्ब २८ करोड ७१ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

प्रदेश सरकारले कृषि तथा पशुपन्छी विकास मन्त्रालयका लागि २ अर्ब ६३ करोड ४२ लाख रुपैयाँ विनियोजन गरिएको छ । प्रदेश सरकारले संस्कृति पर्यटन मन्त्रालयका लागि ३ अर्ब ६७ करोड ७० लाख रुपैयाँ, सहकारी तथा गरिबी निवारण मन्त्रालयका लागि २५ करोड ७८ लाख रुपैयाँ, उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका लागि ७७ करोड ९६ लाख रुपैयाँ, श्रम रोजगार तथा यातायात मन्त्रालयका लागि ८७ करोड ४१ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

त्यस्तै स्वास्थ्य मन्त्रालयका लागि ३ अर्ब ९६ करोड ८८ लाख रुपैयाँ, सामाजिक विकास मन्त्रालयका लागि ४ अर्ब ३५ करोड ९७ लाख रुपैयाँ, युवा तथा खेलकुद मन्त्रालयका लागि १ अर्ब १६ करोड रुपैयाँ, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका लागि ६२ करोड ११ लाख रुपैयाँ विनियोजन गरिएको छ । वन तथा वातावरण मन्त्रालयका लागि ३ अर्ब ९९ करोड ६७ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षमा स्थानीय तहलाई अनुदान र कर बाँडफाँटबापत १४ अर्ब १५ करोड ८९ लाख हस्तान्तरण गर्ने भएको छ । प्रदेश सरकारले आगामी वर्षमा स्थानीय तहका लागि समानीकरण अनुदान १ अर्ब ६६ करोड रुपैयाँ हस्तान्तरण गर्ने बजेट वक्तव्यमार्फत उपलब्ध गराउने जनाएको हो । सशक्त अनुदानबापत ३ अर्ब ४३ करोड ८८ लाख रुपैयाँ, समपुरक अनुदानबापत २ अर्ब ७९ करोड ८६ लाख रुपैयाँ, विशेष अनुदानबापत ७६ करोड ३० लाख रुपैयाँ उपलब्ध गराउने भएको छ । सवारी कर बाँडफाँट बापत प्रदेश सरकारले आगामी आर्थिक वर्षमा ५ अर्ब ५० करोड रुपैयाँ हस्तान्तरण गर्ने अनुमान गरेको छ ।

आधारभूत अस्पतालमा आकस्मिक सेवाको रुपमा विकास गर्न बजेट व्यवस्थापन गरिने बताइएको छ । महिलामा हुने पाठेघर मुखको क्यान्सर तथा पुरुषमा प्रोष्टेट क्यान्सरको परीक्षणलाई निःशुल्क गरिने बजेटमा व्यवस्था छ ।

दुर्गम स्थानबाट हवाइ सेवामार्फत उपचार सेवा गर्न १० करोड बजेट विनियोजन गरिएको छ । प्रादेशिक अस्पतालमा ट्रमा सेन्टरको रुपमा विकास गरिने उल्लेख छ । विपन्न नागरिकलाई निःशुल्क बिमाको व्यवस्था गर्ने बजेटमा व्यवस्था छ । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि ३५ करोड विनियोजन गरिएको छ ।

नर्सिङ अध्यापनको व्यवस्था गरिने उल्लेख छ । हेमोपिलिया विरामीलाई प्रादेशिक अस्पतालबाट निःशुल्क उपचारको व्यवस्था गरिने छ । प्रादेशिक अस्पतालमा आमाबुवा विहीन बालबालिकालाई अभिभावको भूमिका निर्वाह गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छ ।

पर्यटन प्रवर्द्धन गर्न स्थानीय तहसँगको साझेदारीमा हेलम्बु ग्रेटट्रेल, नुवाकोट र सैलुङमा मिनि ग्रेटवाल निर्माण गर्न १२ करोड बजेट विनियोजन गरिएको छ । 'एक वडा, एक कृषि' उत्पादन कार्यक्रमलाई २५ करोड ५० लाख बजेट छुट्याइएको छ ।

विषादी अवशेष परीक्षण प्रयोगशाला स्थापना र सञ्चालन गर्न ९ करोड तथा ४ वटा स्मार्ट कृषि फार्म स्थापना गर्न ६ करोड, सौहुलियतपूर्ण कर्जाको ब्याजमा अनुदान कार्यक्रमका लागि ५ करोड बजेट विनियोजन गरिएको छ ।

जिल्ला समन्वय समितिको जिम्मेवारीलाई व्यवस्थित पारी कार्यालयको लागि बजेट विनियोजन गरिएको छ । प्रदेश अन्तर्गतका अनावश्यक संरचना खारेज गरिने उल्लेख छ । लगानी सम्मेलन गरी स्वदेशी तथा विदेशी लगानीकर्तालाई लगानी गर्न आकर्षित पारिने व्यवस्था गरिएको छ । महंगी भत्ता पाँच हजार बागमती प्रदेशका कर्मचारीलाई प्रदान गरिने उल्लेख छ । जनता आवास कार्यक्रम, खरको छाना विस्थापित कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था गरिएको छ । भौतिक पूर्वाधार मन्त्रालयको लागि २४ अर्व ८० करोड १९ लाख बजेट विनियोजन गरिएको छ ।

लिफ्ट सिँचाइ आयोजना लाई प्राथमिकता दिनेछ । पहाडका गरा सधै हराभरा कार्यक्रम ल्याइने उल्लेख छ । जलस्रोत तथा सिँचाइ व्यवस्थापनका लागि स्यालो ट्युवेलको व्यवस्थापन गरिनेछ । नारायणी खगेरी सिँचाइलाई थप व्यवस्थित गरिने उल्लेख छ । बजेट माथिको सामान्य छलफल असार १२ गते बस्ने बैठकदेखि प्रारम्भ हुने सभामुख भुवन पाठकले जानकारी दिए ।

**दुई तिहाईको सरकारले बल्ल तल्ल बजेट पेश गर्न सक्यो: प्रतिपक्षी दल**

बैठकपछि प्रतिक्रिया दिँदै प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता शालिकराम जम्कट्टेलले दुई तिहाईको सरकारले बल्ल तल्ल बजेट पेश गर्न नसकेको प्रतिक्रिया दिएका छन् । अर्थमन्त्रीले प्रदेशसभामा गलत तथ्याङ प्रस्तुत गरेको उनको भनाई छ । प्रदेशबासीको आवश्यकता अनुसार बजेट नआएको उनको बुझाई छ । बजेटले प्रदेशबासीलाई उत्साह नभई निराशा मात्र बाड्ने काम गरेको उनले बताए । नेता जम्कट्टेलले प्रदेश सरकारको अहिले आम्दानीले बजेटलाई भेट्न नसक्ने बताए ।

त्यसैगरी अर्का प्रतिपक्षी दल नेपाल मजदुर किसान पार्टीका संसदीय दलका नेता सुरेन्द्रराज गोशाईले बजेटबाट प्रदेश सरकारको स्थिति उजागर भएको बताए । विगतको जस्तै अहिले बजेट पनि फेल हुने उनले ठोकुवा गरे । त्यस्तै राप्रपाका संसदीय दलका नेता उद्धव थापाले पूर्वानुमानको आधारमा सरकारले महत्वकांक्षी योजना समावेश गरेको बताए । बजेटको कार्यान्वयन नै सबैभन्दा ठुलो चुनौती रहेको उनले बताए ।

# बिपन्न दलितलाई चल्ला र दाना

साझाकुरा संवाददाता

हेटौंडा, १ असार/ हेटौंडा उपमहानगरपालिका-११ स्थित सागरपथका बिपन्न दलितलाई लोटन कुखुराको चल्ला र दाना बितरण गरिएको छ ।

आश्रय नेपालले वडाको आर्थिक सहयोगमा ४० घरधुरीका दलितलाइ चल्ला र दाना बितरण गरेको हो । आश्रय नेपालकी अध्यक्ष सुनिता बिडारीको सभाध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष जुना दाहालको प्रमुख आतिथ्यता रहेको थियो । बिपन्न पिछडिएका दलितलाई आयआर्जनसँग जोडेर आर्थिक सबलताको बाटोमा डोऱ्याउने उद्देश्यले कार्यक्रम गरिएको संस्थाकी सचिव मनिषा विश्वकर्माले बताइन् । कार्यक्रममा वडासदस्य गोपिनी सापकोटा, सागरपथ टोल विकास संस्थाका अध्यक्ष सूर्य बहादुर थिङ, सचिव बुद्धिनाथ न्यौपाने लगायतको आतिथ्यता रहेको थियो ।

सिमलटारका बिपन्न दलितलाई चल्ला र दाना बितरण गरिएको छ । सिमलटारका २५ घरधुरीलाई चल्ला र दाना बितरण गरिएको हो । ग्रामीण जीवनस्तर सुधार मञ्च हेटौंडाको आयोजना र वडा नं. ११ को आर्थिक सहयोगमा चल्ला र दाना उपलब्ध गराइएको हो । मञ्चकी अध्यक्ष दुर्गा घोर साइनीको सभाध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष जुना दाहालको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा वडासदस्य गोपिनी सापकोटा, सिमलटार टोलविकास संस्थाका अध्यक्ष देवकृष्ण थोकरलगायतको आतिथ्यता रहेको थियो ।

# गोर्खा लाहारीमा समग्र उद्योग ट्रेड युनियनको प्यानल विजयी



साझाकुरा संवाददाता

हेटौंडा, १ असार/ हेटौंडा औद्योगिक क्षेत्रमा रहेको गोर्खा लाहारी प्रालिमा आधिकारिक ट्रेड युनियनको निर्वाचन सफलतापूर्वक सम्पन्न भएको छ । निर्वाचनमा नेकपा एमाले निकट समग्र उद्योग ट्रेड युनियन नेपाल र माओवादी निकट अखिल नेपाल औद्योगिक मजदुर संघबीच प्रतिस्पर्धा भएको थियो ।

कुल १ सय ७ जना मतदातामध्ये समग्रले ६४ मत प्राप्त गर्दै विजयी हुँदा अखिलले ४३ मत प्राप्त गरेको थियो । २१ मतको स्पष्टअन्तरले समग्र प्यानलले विजय हासिल गरेको हो । विजयसँगै केशवप्रसाद अधिकारी समग्र उद्योग ट्रेड युनियन नेपालको अध्यक्षमा निर्वाचित भएका छन् । निर्वाचनपश्चात अध्यक्ष अधिकारीले नेकपा एमाले पार्टी, जिफन्ट प्रदेश, जिल्ला तथा पालिका कमिटी, उद्योग व्यवस्थापन परिवार, मतदानमा सहभागी सम्पूर्ण श्रमिक, श्रम कार्यालय मकवानपुर, सुरक्षाकर्मी, सञ्चारकर्मी लगायत सबैमा हार्दिक धन्यवाद व्यक्त गरेका छन् ।

उनले भविष्यमा पनि सबैको साथ र सहकार्यबाट संगठनलाई अझ सुदृढ बनाउँदै श्रमिकको हक र अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता जनाए ।


समग्र उद्योग ट्रेड युनियन नेपालका केन्द्रीय अध्यक्ष आनन्द थामीको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा जिफन्ट बागमती प्रदेश सचिवालय सदस्य लालकृष्ण प्याकुरेल, जिफन्ट जिल्ला अध्यक्ष सम्भु लामा, जिल्ला उपाध्यक्ष प्रमिला बिडारी, एमाले वडा नं. ८ का अध्यक्ष गोतामे मोक्तान लगायत श्रमिक नेताको उपस्थिति रहेको थियो ।

कार्यक्रममा नवनिर्वाचित अध्यक्ष अधिकारीले विभिन्न संगठनमा आस्था राख्ने श्रमिक साथीहरुलाई समेटेर उत्पादन वृद्धि गर्ने, व्यवस्थापनसँग संवाद र सहकार्यको माध्यमबाट श्रमिकको हकहितको संरक्षण गर्ने संगठनको प्रतिबद्धता दोहोऱ्याएका थिए । शुभकामना कार्यक्रममा सहभागीले विजयको खुशीमा औद्योगिक क्षेत्रको परिक्रमा गर्दै उत्सवसमेत मनाएका थिए ।

**सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# हाँडीखोलाका किसानका लागि पुल

मकवानपुरको मनहरी गाउँपालिकाको ४ वटा वडालाई जोड्नको लागि गाउँपालिकाले आन्तरिक स्रोतबाट ५ वटा पक्की पुल निर्माण सम्पन्न गरेको छ । बेमौसमी तरकारी उत्पादनका लागि परिचित हाँडीखोलालाई पूर्वपश्चिम राजमार्गसँग जोड्ने राप्तीखोलामा ५ वटा पुल बनिसकेको छ । यसले स्थानीयको उत्पादनलाई बजारीकरणमा धेरै सहज बनाएको छ । आजभन्दा एक दसकअघिसम्म बर्खायाममा गाउँपालिकाले आन्तरिक स्रोतबाट करिब साढे ३३ करोड रुपैयाँ खर्चिएर निर्माण सम्पन्न गरेको पक्की पुलको शनिबार बागमती प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँले उद्घाटन गरेका हुन् । लामिटार–मकरी–चकरी–बेलडाँडा सडकअन्तर्गत निर्माणाधीन ५ वटा पक्की पुलमध्ये ३ वटा गतवर्ष नै सम्पन्न गरी उद्घाटन गरिएको थियो । बाँकी २ वटा पुलको शनिबार उद्घाटन गरिएको हो । मनहरी–३ स्थित ठाडेखोला र हाँडीखोलामा निर्मित पुलको सांसद बानियाँले उद्घाटन गरेका हुन् ।

८ दशमलव ४० मिटर चौडाई र ९० मिटर लम्बाईको ३ स्पानको ठाडेखोला पुल हिराचन बानियाँ जेभीले ८ करोड ६७ लाख ५ हजार रुपैयाँमा सम्झौता गरी सम्पन्न गरेको हो । त्यस्तै ३५ मिटर लामो एक स्पानको हाँडीखोला पुल भैरवनारायणम् जेभीले ५ करोड ३५ लाख ५१ हजार रुपैयाँमा ठेक्का सम्झौता गरी निर्माण गरेको हो । मनहरी–१ र २ जोड्ने च्यापलखोला पुल, ३ र ४ जोड्ने ट्वांग्राखोला पुल र ३ र ४ नम्बर वडालाई नै जोड्ने अर्को मसिने खोला पुल गतवर्ष जेठमै उद्घाटन गरिएको थियो । ३ स्पानको च्यापल खोला पुल ६ करोड २८ लाख ९८ हजार रुपैयाँ, २ स्पानको ट्वांग्राखोला पुल ६ करोड ४९ लाख ६० हजार रुपैयाँ र २ स्पानको ७४ दशमलव ५५ मिटर लामो मसिने खोला पुल ६ करोड ५९ लाख ५० हजार रुपैयाँमा यसअघि नै सम्पन्न गरिएको हो । तीनवटै पुल निर्माणको काम बानियाँ हिराचन जेभीले गरेको हो । २ वर्षभित्रै सम्पन्न गर्नेगरी २०७७ सालमै पुल निर्माणको काम थालिएको भएता पनि विविध समस्याका कारण निर्माण पक्षले समय थप गरी सबै पुल निर्माण सकेको हो । हेटौंडा उपमहानगरपालिकाको १३ नम्बर वडा हुँदै मनहरीको १ देखि ४ नम्बर वडालाई जोड्दै वैकल्पिक मार्गको विकास गर्ने अवधारणाअनुसार गाउँपालिकाले आन्तरिक स्रोतबाट बेहोर्नेगरी २०७७ सालमा एकैसाथ ५ वटा पुल निर्माणको बहुवर्षीय ठेक्का लगाएको थियो । यो सडकअन्तर्गत सबै पुल निर्माण सकिएसँगै साविकको हाँडीखोला गाविसका किसानको कृषिउपजको बजारीकरणमा सहजता हुने र स्थानीयबासीको दैनिक जीवनयापन सहज हुने अपेक्षा गरिएको छ । पुल निर्माणसँगै हाँडीखोलाका कृषिउत्पादन सहजरुपमा बजारमा पुऱ्याउन सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ ।

लामिटार–चकरी–मकरी–पदमपोखरी सडक स्तरीकरण र कालोपत्रे गर्न प्रदेश सरकारबाट आवश्यक बजेट बिनियोजन गर्ने नेता बानियाँले घोषणा गरेका छन् । हाँडीखोलालाई राजमार्गसँग जोड्न राप्तीखोलामा प्रदेश सरकार मार्फत पुल बनाएको र साबिक हाँडीखोला गाविसका सबै वडा जोड्न गाउँपालिकाले पुल बनाएको हो । लामिटार–मकरी सडक पिच गर्न प्रदेश सरकारमार्फत बजेट बिनियोजन गर्ने र चौरासीसम्म यो बाटो जसरी पनि पिच गर्ने बानियाँले घोषणा गरेका छन् । चकरीबाट हेटौंडा–१३ पदमपोखरी जोड्ने पुल निर्माण गर्नको लागि पनि प्रदेश सरकारबाट बजेट विनियोजन गर्ने बानियाँले प्रतिवद्धता जनाएका छन् । संघीयता र गणतन्त्र आएपछि धेरै विकासका कामहरु भएको छ । पुल निर्माण सकिएसँगै मनहरी गाउँपालिकाको ४ वटा वडाका बासिन्दा प्रत्यक्ष लाभान्वित हुने भएका छन् । मनहरी गाउँपालिका पूर्वअध्यक्ष एकराज उप्रेती र उपाध्यक्ष मनिला बिष्टले गरेको यो उदाहरणीय कार्य भएको स्थानीयले बताएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार ३ गते मंगलबार १७ जुन २०२५ । षष्ठी, असाढ कृष्णपक्ष । तछलागा ११४५ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ७:०० । विश्व खडेरी रोकथाम दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : रमाइलोको समय रहेको छ | **तुला** | : भेटघाटमा समय बित्नेछ |
| **वृष** | : शरीरमा समस्या देखिन सक्नेछ | **वृश्चिक** | : सम्पत्तिको खचपच हुनेछ |
| **मिथुन** | : सामाजिक प्रतिष्ठा बढ्नेछ | **धनु** | : सुखभोगको समय रहेकोछ |
| **कर्कट** | : सानातिना अवरोध आइरहनेछ | **मकर** | : आर्थिक लाभ मिल्नेछ |
| **सिंह** | : मित्रसंग विवाद हुनसक्नेछ | **कुम्भ** | : विवाद हुन सक्ने |
| **कन्या** | : धन खर्च हुनेछ | **मीन** | : मनलाई नियन्त्रण गर्नुपर्नेछ |

# रेमिट्यान्स आप्रवाह र अर्थतन्त्रमा प्रभाव



✍ राजु श्रेष्ठ

नेपालमा विदेशबाट आउने रेमिट्यान्स (विप्रेषण) आप्रवाह तीव्र गतिमा वृद्धि हुँदै गएको छ । आर्थिक वर्ष २०८१।८२ का १० महिनामा रेमिट्यान्स १३ दशमलव २ प्रतिशतले बढेर १,३५६ अर्ब ६१ करोड रुपियाँ पुगेको छ । २०८२ वैशाख महिनामा मात्रै पनि रेमिट्यान्स १६५ अर्ब ३० करोड रुपियाँ भित्रिएको तथ्यांक नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको छ, जुन अघिल्लो वर्षको भन्दा निकै बढी हो ।

कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा रेमिट्यान्सको हिस्सा एक तिहाइभन्दा बढी छ । रेमिट्यान्स नेपालको मुख्य विदेशी मुद्राबाहक स्रोत बनेको छ । रेमिट्यान्सको रकमले नेपालको विदेशी विनिमय सञ्चिति थप मजबुत बनाएको छ । वैशाखमा विदेशी मुद्रा सञ्चिति २५ खर्ब १२ अर्ब रुपियाँभन्दा माथि पुगेको छ, जुन अघिल्लो वर्षको भन्दा २३ प्रतिशतले बढी हो । नेपालको अर्थतन्त्रमा रेमिट्यान्सले दोहोरो भूमिका खेलेको छ । एकातिर यसले घरेलु उपभोग र जनजीवन सहज बनाइरहेकै छ भने विपन्न परिवारहरूको रेमिट्यान्सले उनीहरूलाई गरिबीको रेखाभन्दा माथि उठ्न मद्दत पुऱ्याएको छ । हप्ताको करिब २१ प्रतिशत राष्ट्रिय आय रेमिट्यान्सले थप्ने गरेको विभिन्न अध्ययनबाट देखिएको छ ।

त्यसै गरी, व्यापार घाटा कम गर्न र मुलुकको भुक्तानी सन्तुलन कायम राख्न रेमिट्यान्सले महत्वपूर्ण योगदान पुऱ्याएको छ । महामारी र अन्य प्राकृतिक प्रकोपजस्ता संकटका बेला पनि रेमिट्यान्स स्थायी स्रोतजस्तो देखिएको छ । तर रेमिट्यान्समा अत्यधिक भर परेपछि नेपालको अर्थतन्त्रमा केही जोखिम भने थपिएको छ । अधिकांश रेमिट्यान्स मानिसले उपभोग, घरजग्गा र विलासितामा खर्च गर्दै आएका छन् । एकदमै सानो हिस्सा मात्रै आयआर्जन वा दीर्घकालीन उत्पादनमूलक क्षेत्रमा लगानी भइरहेको छ ।

एक तथ्यांकअनुसार घर-परिवारहरूले पाएको रेमिट्यान्सको ७८ दशमलव ९ प्रतिशत दैनिक आवश्यकतामा खर्च गर्छन् र मात्र २ दशमलव ४ प्रतिशत मात्रै पूँजीगत निर्माण तथा व्यवसायमा लगानी भएको छ । यस्तो ढंगले रेमिट्यान्सको प्रयोग हुँदा दीर्घकालीन आर्थिक विकासका लागि आवश्यक पूँजी अभाव रहन्छ । साथै, घरजग्गा खरिदका लागि रेमिट्यान्सको बृहत्तर प्रयोगले जग्गाको मूल्य बढ्दै जाने अवस्था सिर्जना गरेको छ, जसले अचल सम्पत्तिमा लगानी थुप्रिएको छ । यो अवस्थामा रेमिट्यान्स नेपाली समाजलाई तत्कालीन राहत दिएको भए पनि दीर्घकालीन उत्पादनमूलक विकासका लागि पर्याप्त छैन ।

### रेमिट्यान्सको भरपर्दो स्रोत

नेपालका लागि रेमिट्यान्स अहिलेका लागि एक भरपर्दो आम्दानीको स्रोत बनेको छ । विगत केही वर्षदेखि रेमिट्यान्स निरन्तर वृद्धि हुँदै आएको छ । यति बेला विश्व आर्थिक मन्दी वा क्षेत्रीय संकटमा गुज्रिँदै गएको भए पनि यसको उछाल कम भएको छैन । उदाहरणका लागि कोरोना महामारीका बेला पनि रेमिट्यान्स निरन्तर आएको तथ्यांकले पुष्टि गर्दछ । यस अर्थमा रेमिट्यान्स नेपालको अर्थतन्त्रका लागि आंशिकरूपमा भरोसायोग्य छ । यद्यपि, यस्तो पूर्ण भरोसायोग्य भने होइन । नेपालको सन्दर्भमा मध्यपूर्वी देशहरुमा हुने तनाव वा तेल मूल्यमा उतार-चढाव हुँदा यहाँको रेमिट्यान्समा असर पार्न गर्छ । साथै, विदेशी नियमन (जस्तो खाडी देशमा श्रम नियम कडा हुँदा) पनि नेपालमा रेमिट्यान्सको प्रवाहमा अस्थिरता ल्याएको छ ।

त्यस्तै नेपाल-भारत खुला सीमा भए तापनि अघिल्ला वर्षहरूमा सिलबन्दी र वित्तीय सर्तहरू बढेपछि निजी च्यानलबाट आउने रेमिट्यान्स पनि अस्थिर हुने सम्भावना छ । गतवर्ष रेमिट्यान्स १३.२ प्रतिशतले बढे पनि यो वृद्धि दर अघिल्लो वर्षको १६.९ प्रतिशतको तुलनामा कम हो । यसबाट सम्भवत: भविष्यमा अझ बढी उतार-चढावको संकेतका रुपमा हेर्न सकिन्छ । यसबाहेक, विदेशमा रहेका नेपाली मजदुरले विभिन्न माध्यमबाट रेमिट पठाउँछन् । आधिकारिक च्यानलभन्दा बाहिरका हुन्डीलगायतका च्यानलबाट पनि ठूलो मात्रामा रेमिट्यान्स आउने गरेको छ । यसले रेमिट्यान्सको आधिकारिक तथ्यांक नदेखिन सक्छ । तथापि, सरकारले रेमिट्यान्सको सदुपयोग र प्रवाह ट्र्याकलाई व्यवस्थित गर्न थप प्रयत्न र नीति बनाउनुपर्छ ।

### श्रम दक्षता र रोजगारीको ढाँचा

नेपालबाट उत्पादन हुने श्रमशक्तिको माग अहिलेसम्म विदेशमा उच्च छ, जसलाई आर्थिक वर्ष २०८०/८१ मा करिब ७ लाख ४१ हजार नेपाली विदेशिएको तथ्यांकले पनि पुष्टि गर्दछ । तीमध्ये ५ लाख ३२ हजारलाई दक्ष श्रमिकमा वर्गीकरण गरिएको छ । सो क्रममा ७३२ अत्यधिक दक्ष, २ हजार ७७२ पेसेवर, ६० हजार अर्धदक्ष र १ लाख ४५ हजार अदक्ष श्रमिक थिए । यद्यपि, नेपालमा पूर्वधारणाको विपरीत दीर्घकालीन अध्ययनअनुसार बहुसंख्यक श्रमिकहरू अर्धदक्ष वा अदक्ष श्रेणीमा पर्ने गर्छन् । नेपाली कामदारहरू मुख्यतया निर्माण, कारखाना र घरेलु काममा संलग्न छन् ।

रोजगारीको स्तरअनुसार, दक्ष श्रमिकहरूमा सामान्यतया अन्य देशका प्राविधिक एवं स्वास्थ्य पेसेवरहरू पर्दछन् । जस्तै- डाक्टर, इन्जिनियर, नर्स, सूचना प्रविधि विज्ञ आदि । अघिल्ला वर्षमा दक्ष श्रमिकको भागमान न्यून भए पनि हाल बढ्दो छ । अर्धदक्ष श्रमिकहरूमा चालक, ठेकेदार, धातुकार, दर्जी आदि पर्दछन् भने अदक्ष श्रमिकमा मजदुर, घरेलु कामदार तथा कृषिजन्य कामदार पर्छन् । रोजगारी गन्तव्यअनुसार, संयुक्त अरब इमिरेट्स अहिले सबैभन्दा ठूलो आकर्षण बनेको छ । हालैको तथ्यांकमा सो देशमा ३२ दशमलव ४१ प्रतिशत नेपाली श्रमिक गएका छन् । त्यसपछि साउदी अरब, कतार, कुवेत र मलेसिया पर्छन् ।

मध्यपूर्वी देशहरूमा नेपालीहरू प्राय: भवन निर्माण, उत्पादन कारखाना र घरेलु काममा जाने गरेका छन् । दक्षिण एसियाली र पूर्व-दक्षिण एसियाली मुलुकहरूमा जस्तै- मलेसियामा औद्योगिक रोजगार धेरै छ ।भारतमा खुला सीमा भएको हुँदा धेरै नेपाली अनौपचारिक क्षेत्रमा काम गर्छन् । उनीहरू रेस्टुरेन्ट, कारखाना, घरेलु काम र सुरक्षा गार्डको रुपमा रोजगारी पाइरहेका छन् । दक्षिण कोरिया र जापानमा पनि मजदुरका लागि थोरै अवसर हुने गरेको छ ।

दक्ष, अर्धदक्ष र अदक्ष श्रमिकको अवस्था नेपालबाट जाने कामदारहरूको वर्गीकरण सम्बन्धी विवरण र उनीहरूका समस्यासम्बन्धी बहस लामो समयदेखि छ । दक्ष श्रमिक अर्थात् विशेष योग्यता भएका कामदार (इन्जिनियर, आईटी विशेषज्ञ, डाक्टर, मेकानिक आदि) नेपालबाट परिमाणमा कम मात्रामा गए पनि, सन् २०२३/२४ को तथ्यांकअनुसार ५३२ हजार लाई दक्ष श्रमिक भनिएको छ । तर, धेरैजसो यी श्रमिकहरू पनि अपेक्षाकृत कम तलब र अधिकारका लागि गइरहेका छन् । अर्धदक्ष र अदक्ष श्रमिकको स्थिति अझ जटिल छ ।

यो श्रेणीमा पर्ने अधिकांश कामदार क्षमताविहीन कामदार हुन्, जुन कुनै पनि औद्योगिक तालिम वा शैक्षिक योग्यता नचाहिने काममा सक्रिय छन् । यिनीहरू प्राय: बढी आर्थिक अभाव भएका वर्गबाट हुन्छन् र कम अनुकूल अवस्थामा विदेशमा पठाइन्छन् । उदाहरणका लागि, अघिल्लो तथ्यांकअनुसार ६० हजार अर्धदक्ष र १ लाख ४५ हजार अदक्ष श्रमिक बाहिरिएका थिए । यिनीहरूले प्राय: न्यून ज्याला र असुरक्षित सर्तमा काम गर्नुपर्छ ।

रेमिट्यान्स कार्य, कागजातसम्बन्धी उचित संरक्षणको अभाव र उच्च एजेन्सी शुल्कका कारण परिवारमाथि ऋण र तनाव बढेको छ । समग्रमा, वर्ग विभाजन पनि अस्पष्ट छ । धेरैजसो मध्यपूर्वी देशले दक्ष श्रमिकका रुपमा श्रमिक भर्ती गर्ने गरेका छन्, त्यसपछि तलब अनुपातले उनीहरूलाई अक्षमता श्रेणीमा राख्ने गरेको पाइन्छ । यही एक कारण नेपालका श्रमिकहरूलाई 'दक्ष' वर्गीमा राख्दा पनि तिनको कार्य अवस्थाको लागि उपयुक्त संरक्षण र सुविधा पाउन कठिन हुन्छ ।

### श्रम सम्झौता र सुरक्षा

नेपालका श्रमिकहरूले विभिन्न देशमा काम गर्दा उनीहरूका मानवअधिकार र व्यक्तिगत सुरक्षा मुख्य मुद्दा बनेका छन् । भारतसँगको खुल्ला सीमा र सन् १९५० को सन्धिले नेपालीलाई स्वतन्त्ररूपमा रोजगारीका लागि अनौपचारिक अवसर प्रदान गर्छ । यद्यपि प्राय: अस्थायी र न्यून तलबका कामदारका लागि कानुनी सुरक्षा पनि प्राप्त हुँदैन । श्रम संरक्षण र सामाजिक सुरक्षाको खाँचो रहेको छ । खाडी मुलुकहरूमा कामदारको श्रम र आवासीय स्थिति मालिकअन्तर्गत हुन्छ, जसका कारण कामदारले जागिर परिवर्तन गर्न, अवैतनिक ज्याला माग्न वा कुनै गुनासो गर्न स्वतन्त्रता हुँदैन ।

सरकारले कतार, कुवेत र अन्य केही देशहरूसँग द्विपक्षीय श्रम समझदारी गरी समस्याको समाधान गर्ने प्रयास गरिरहेको छ । तथापि, व्यवहारमा कामदारका जीवनस्तर सुधार र अधिकार सुनिश्चित हुनै बाँकी छ । दक्षिण-पूर्व एसिया (मलेसिया, दक्षिण कोरिया, जापान) मा श्रम सम्झौतामा आधारित प्रणाली छ ।

समग्रमा, जति राम्रो कानुनी संरचना र सामाजिक सुरक्षा छ त्यति कामदारका लागि लाभदायी हुन्छ । नेपालले श्रम सम्झौतामार्फत श्रमिकको सुरक्षामा सुधार ल्याउन खोजिरहेको भए पनि कार्यान्वयनमा अझ धेरै चुनौतीहरू बाँकी छन् । सामाजिक सुरक्षा कोष र श्रमिक बिमा योजनाले केही राहत प्रदान गरे पनि दीर्घकालीन सुधारका लागि सरकार र गन्तव्य मुलुक दुवैले निरन्तर निगरानी गर्नु र सहायता दिनुपर्छ ।

### रेमिट्यान्स पूजीमा उपयोग

नेपालमा विदेशबाट फर्किएका परिवारहरू प्राय: आफ्नो रेमिट्यान्सलाई उपभोगमा खर्च गर्छन् । बैंकिङ तथ्यांक र अध्ययनहरूले पूँजीगत लगानीका लागि रेमिट्यान्सको महत्वपूर्ण सञ्चय हुँदैन । मुख्यरुपमा रेमिट प्राप्त गर्ने घर-परिवारमा व्यवसाय शुरु गर्ने ज्ञान र सीप कम हुन्छ । धेरैले सहज तवरमा आफ्नो बचतलाई प्रमाणित र न्यून जोखिममा राखिने विकल्प (जस्तै- जग्गा, घर) मा लगानी गर्न रुचाउँछन् ।

व्यवसाय शुरु गर्दा व्यावसायिक जोखिम, मुद्रा मूल्य घट्नु, बजार असुरक्षाजस्ता अज्ञात तत्वहरू हुँदा उनीहरू सचेत हुन्छन् । नेपालमा नयाँ व्यवसायको लागि कर्जाको पहुँच सस्तो छैन र हार्डवेयर-सफ्टवेयर दुवै अवस्थितिमा कमजोरी छ । लगानीकर्तालाई मर्ज, इन्फ्रास्ट्रक्चर र व्यापारिक वातावरणबारे आश्वस्त तुल्याउन कठिनाइ छ । ब्याजदर उच्च र ऋण पाउने सर्त कडा हुँदा रेमिटहरूले व्यवसायको पूँजी पूरा गर्नसमेत पर्याप्त हुँदैन ।

त्यस्तै रेमिट भित्र्याउने प्रक्रिया सजिलो भए पनि त्यसलाई पुन: लगानी प्रक्रियामा विनिमयका नियम, कर नीति, लगानी अनुमति आदि अवरोधक तत्व हुन् । साथै, देशभित्र विदेशी मुद्रा लैजान र व्यवसायमा लगानी गर्न कडा नियमहरूले समय र प्रयास घेरिएका छन् । तर पनि धेरैजसो नेपाली श्रमिक र उनीहरूका परिवारहरूमा सुरक्षित बसोबासका लागि बचत रकमले घरजग्गा जोड्ने संस्कृति विकसित छ ।

तथ्यांक र अध्ययनले प्रमाणित गरेको छ कि रेमिट्यान्स नेपालका लागि एक आर्थिक मेरुदण्ड हो । यसले दैनिक जीवनमा सहजता र परम्परागत आम्दानीको स्रोतमाथिको भर घटाएको छ । साथै, यसको वृद्धि दरले विदेशी मुद्रा सञ्चितिमा अभूतपूर्व योगदान दिएको छ । तथापि, दीर्घकालीन विकासका लागि रेमिट्यान्सको दुरुपयोग र अत्यधिक निर्भरता जोखिमयुक्त छ । अध्ययनअनुसार रेमिट्यान्सको ठूलो हिस्सा उपभोग र व्यापार घाटा पूर्तिमा मात्र सीमित हुँदा उत्पादनशील क्षेत्रहरूमा अपेक्षित नगद प्रवाह हुन सकेको छैन ।

यसले मुख्यत: घरेलु उद्योग र रोजगारी सिर्जनामा सहयोग पुऱ्याउन सकेको छैन । सरकारले 'आन्तरिक रोजगार प्रवर्द्धन दशक' घोषणा गरेर घरेलु स्तरमा लगानी र सीप विकासमा जोड दिँदै छ । यद्यपि, रेमिट्यान्सलाई उद्यमशीलता र दीर्घकालीन विकासतर्फ मोड्न थप नीति र कार्यक्रम आवश्यक छ । जस्तै- फिर्ता आउने श्रमिकलाई व्यवसाय शुरु गर्ने तालिम, लगानीको वातावरणमा सुधार, कर तथा ऋण सुविधा समेट्ने रणनीति आदिलाई योजनाबद्ध गर्न सकिन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# औद्योगिक घरानाहरूलाई फिल्म हलमा आकर्षित गराएर रोजगारी बढाउनुपर्छ

✍ नरेन्द्र महर्जन

म विगत ३० वर्षदेखि नेपाली चलचित्र क्षेत्रमा प्रदर्शक, निर्माता र वितरकको रूपमा सक्रिय छु । मेरो यात्राको प्रारम्भ हिन्दी चलचित्र वितरणबाट भएको हो । चलचित्रप्रतिको मेरो बाल्यकालदेखिको रुचि र लगाव नै मलाई यो व्यवसायमा डोऱ्याउने प्रमुख कारक बन्यो ।

सुरुमा मैले नाना पाटेकरको 'क्रान्तिवीर', शाहरुख खानको 'डर' र गोविन्दाको 'आग' जस्ता चलचित्र वितरण गरेँ । हिन्दी चलचित्र वितरणकै क्रममा हल सञ्चालन गर्ने सोच आयो र लालबन्दीमा 'विणा चलचित्र मन्दिर' नामक हल स्थापना गरी प्रदर्शकको भूमिकामा प्रवेश गरेँ । त्यसपछि 'एक नम्बरको पाखे' बाट नेपाली चलचित्र वितरण पनि थालनी गरेँ । शिव श्रेष्ठ र करिश्मा मानन्धर अभिनीत 'धनसम्पत्ति' नामक चलचित्रबाट निर्माताको रूपमा समेत यस क्षेत्रमा होमिएँ ।

मैले युवराज लामाका 'खानदान', 'गोरेटो', 'माउते दाइ' जस्ता चलचित्रहरूमा निर्माण सहकार्य गरेँ । त्यसैगरी, हेटौँडा, पर्सा, बर्दिबासजस्ता स्थानमा हलहरू भाडामा लिएर पनि सञ्चालन गरेँ । काठमाडौँको शिवदर्शन हल पनि केही वर्ष लिजमा सञ्चालन गरेको थिएँ, जुन अहिले बन्द भइसकेको छ । डिजिटल प्रविधिको आगमनसँगै साथीहरूसँगको सहकार्यमा 'फर्स्ट लभ', 'लुट', 'लुट २', 'छड्के' जस्ता सफल चलचित्रहरू निर्माण गरेँ । साथै, एफडी कम्पनीमार्फत 'कबड्डी', 'झोले', 'क्लासिक' लगायत करिब ३०-४० वटा सफल नेपाली चलचित्र वितरण गर्ने अवसर मिल्यो ।

हाल म विशुद्ध रूपमा प्रदर्शक (हल सञ्चालक) को भूमिकामा केन्द्रित छु । कीर्तिपुर सिनेप्लेक्स मैले आफैँ निर्माण गरेको हुँ भने रञ्जना र सिभिल मलका हलहरूको व्यवस्थापन पनि हेर्दै आएको छु । पछिल्लो समय 'नरसिंहा: अवतार' चलचित्रमा निर्माताका रूपमा पनि संलग्न थिएँ ।

### लगानीको चुनौती

एउटा चलचित्र हल निर्माणमा कति लगानी लाग्छ भन्ने कुरा त्यसको स्थान, स्तर र त्यहाँ उपलब्ध हुने सुविधामा निर्भर पर्छ । काठमाडौँ उपत्यकाभित्र निर्माण गर्दा लगानी बढी लाग्छ भने बाहिरका साना सहरमा तुलनात्मक रूपमा कम हुन्छ । सामान्यतया, अहिले एउटा स्क्रिन तयार गर्न १ करोडदेखि ५ करोड रुपैयाँसम्म लगानी आवश्यक पर्छ ।

हल व्यवसायमा लगानीको सुरक्षाको कुरा गर्दा, यदि जग्गा खरिद गरेरै लगानी गरिएको छ भने तत्काल प्रतिफल प्राप्त गर्न कठिन हुन्छ । तर, जग्गाको मूल्य निरन्तर बढ्दै जाने हुनाले दीर्घकालमा यो फाइदाजनक नै हुन्छ । यो व्यवसाय पुस्तान्तरण गर्न सकिने भएकाले सम्पत्तिको दृष्टिकोणले सुरक्षित मानिन्छ । भाडाको ठाउँमा हल बनाउँदा लगानी कम भए पनि जोखिम उत्तिकै रहन्छ ।

एउटा सिंगल स्क्रिन हलले न्यूनतम १० जना र मल्टिप्लेक्सले २० देखि ५० जनासम्मलाई रोजगारी प्रदान गर्छ । यसमा सुरक्षागार्ड, हाउसकिपिङ, टिकट काउन्टर, प्रोजेक्टर अपरेटर, पार्किङ व्यवस्थापन, इलेक्ट्रिसियन, प्लम्बर र फुडकोर्टका कर्मचारीहरू पर्छन् । तर, आजको समयमा बढ्दो विदेश पलायनका कारण हलका लागि आवश्यक जनशक्ति पाउन निकै गाह्रो छ । पहिले हामी आफैँ कर्मचारी नियुक्त गर्थ्यौँ, तर अहिले जनशक्ति उपलब्ध गराउने कम्पनीहरूमार्फत लिने गरेका छौँ, जसले गर्दा कुनै कर्मचारीले काम छोडेमा तुरुन्तै अर्को व्यक्ति पाउन सहज भएको छ । डिजिटल प्रविधिले कामदार घटाउँछ भन्ने भ्रम भए पनि यथार्थमा त्यसो भएको छैन । यसले रिलको झन्झट हटाएर एकैपटक देशभर चलचित्र रिलिज गर्न सम्भव बनाएको छ, जसले चलचित्र क्षेत्रलाई नै ठुलो फड्को मार्न मद्दत गरेको छ ।

### करको भारी

हल व्यवसायलाई राज्यले हेर्ने दृष्टिकोण अत्यन्तै निराशाजनक छ । हामीले वर्षौंदेखि पहल गर्दा पनि कुनै सुनुवाइ भएको छैन । एउटा रोचक तथ्य के छ भने, यदि ३०० रुपैयाँको टिकट बिक्री भयो भने त्यसको करिब १०० रुपैयाँ (३३.३३ प्रतिशत) करबापत राज्यको ढुकुटीमा जान्छ, १०० रुपैयाँ निर्माता-वितरकले पाउँछन् र बाँकी १०० रुपैयाँमा हामी हल सञ्चालकले चित्त बुझाउनुपर्छ ।

नेपाली चलचित्रमा पनि राज्यले हामीसँग १८% मूल्य अभिवृद्धि कर (भ्याट) र ५ प्रतिशत स्थानीय कर गरी कुल २३ प्रतिशत कर असुलिरहेको छ । यसबाहेक, चलचित्र विकास शुल्कको नाममा थप १५ प्रतिशत कर लगाइएको छ, जुन सुरुमा अस्थायी भनिए पनि कहिल्यै हटेन । तर, यति धेरै कर तिरेबापत राज्यबाट हामीले पाएको सुविधा भने शून्य छ । न त यसले उद्योगको मान्यता पाएको छ, न अन्य कुनै सहुलियत ।

राज्यको यही विभेदकारी नीतिका कारण धेरै हल बन्द भएका हुन् । कुनै वेला देशभर ४५१ वटा हल थिए, जुन घटेर अहिले १६७ मा सीमित भएका छन् । सशस्त्र द्वन्द्वकाल, तराई आन्दोलन र कोरोना महामारीले धेरै हल सधैँका लागि बन्द भए । कोरोनाकालमा अन्य पर्यटकीय उद्योगले सरकारी अनुदान पाउँदा हामीले भने हल बन्द भएको अवस्थामा पनि बिजुलीको डिमान्ड शुल्क तिरिरहन बाध्य भयौँ ।

### चुनौतीबिच निरन्तरता

हल सञ्चालनमा अनेकन् चुनौती छन्, तर पनि यस व्यवसायमा टिकिरहनुको मुख्य कारण मैले जानेको र बुझेको काम यही नै हो । अब यो उमेरमा अर्को व्यवसाय सुरु गर्न फेरि शून्यबाटै सिक्नुपर्छ । बेलाबेलामा राम्रा चलचित्र चल्दा र सुपरहिट हुँदा त्यसैले हामीलाई निरन्तरताको आधार दिन्छ । हामी पुराना घाटा पूर्ति गर्दै अगाडि बढिरहेका छौँ । केही वर्ष अगाडिसम्म हामीलाई हिन्दी चलचित्रले टिकाएको थियो भने अहिले नेपाली चलचित्रहरू नै हाम्रो मुख्य आधार बनेका छन् ।

हलले चलचित्र देखाएर व्यवसाय मात्र गरेको छैन, नेपाली भाषा, कला र संस्कृतिलाई समेत संरक्षण गरिरहेको छ । तर, राज्यले यो पक्षलाई बुझ्न सकेको छैन । अहिले चलचित्र निर्माणको संख्या दिनप्रतिदिन बढ्दो छ, तर हलको संख्या घट्दै जानु चिन्ताको विषय हो । आज देशका कतिपय जिल्ला र नगरपालिकामा एउटा पनि चलचित्र हल छैन ।

विदेशमा हल खोल्दा अनेक सहुलियत दिइन्छ । भारतमै पनि नयाँ हल खोल्दा ५ देखि १५ वर्षसम्म कर छुट दिने व्यवस्था छ । हाम्रो देशमा पनि यस्तै नीति ल्याएर औद्योगिक घरानाहरूलाई यस क्षेत्रमा आकर्षित गर्नुपर्छ । हलको संख्या बढ्यो भने रोजगारी सिर्जना हुन्छ, राज्यले पनि थप राजस्व पाउँछ र बेरोजगारी समस्या समाधानमा समेत मद्दत पुग्छ । राज्यले यसतर्फ तुरुन्तै ध्यान दिनु जरुरी देख्छु ।

*(साभार: रातोपाटी)*

त्रिवि तोडफोड घटना :

# ‘सेटिङ’मा पक्राउ परेका नेविसंघ नेता २ दिनमै सुटुक्क रिहा, २ जनाविरुद्ध भएन जाहेरी दर्ता




काठमाडौं/कीर्तिपुरस्थित त्रिवि (त्रिभुवन विश्वविद्यालय) मा तोडफोड गरेको आरोपमा पक्राउ परेका नेपाल विद्यार्थी संघ (नेविसंघ) दुई नेविसंघका दुई नेतालाई सुटुक्क छाडिएको खुलेको छ । २१ जेठमै प्रहरी वृत्त कीर्तिपुरमा त्रिविमा तोडफोड गर्नेविरुद्ध उजुरी परेको थियो । तर, उनीहरुलाई प्रहरीले लामो समयसम्म पक्रेन । तर प्रहरीले उनीहरुलाई पक्राउ नगरी अनुसन्धान प्रतिवेदन तयार गरेर सरकारी वकिलमा पठाउने तयारी गऱ्यो । त्यसपछि बल्ल तोडफोड घटनामा संलग्न मध्ये दुई जनालाई ‘सेटिङ’ प्रहरीले पक्राउ गरेको पाइएको छ ।

पक्राउ परेको दुई दिनमै उनीहरुलाई जिल्ला प्रशासन कार्यालयमा उपस्थित गराएर रिहा गरिएको खुलेपछि कारबाही गरेजस्तो देखाउनका लागि मात्रै पक्राउ गरेजस्तो देखिएको छ । परिसर काठमाडौंको टोलीले धुन्चेपाखा भक्तपुरबाट तोडफोडमा संलग्न भएको आरोप लागेका दिक्पाल कार्की र लोकेश कुँवरलाई पक्राउ गरेको थियो । २७ जेठमा पक्राउ परेका उनीहरु प्रतिवेदन प्रहरीले यसको भोलिपल्टै सरकारी वकिल कार्यालयमा पठाएको पाइएको छ ।

त्रिविका पदाधिकारीको निरन्तर दबाब र सञ्चार माध्यममा निरन्तर समाचार आएपछि मात्रै उनीहरुलाई पक्राउ गर्न प्रहरीलाई गृहले निर्देशन दिएको पाइएको एक अनुसन्धान अधिकृत बताउँछन् । ती अधिकृतले भनेजस्तै भोलिपल्टै अनुसन्धान प्रतिवेदन पेस गरेर पर्सीपल्टै उनीहरु छुट्नुले पनि उनीहरुको पक्राउ पनि ‘सेटिङ’मै भएको देखिन्छ । २७ जेठमा पक्राउ परेका दुबै जनालाई सबैभन्दा कमजोर मुद्दा अर्थात् ‘अभद्र व्यवहार’को कसुरमा म्याद लिइएको थियो ।

एक वर्षभन्दा कम सजाय हुने अभद्र व्यवहार कसुरको मुद्दा प्रमुख जिल्ला अधिकारी (सीडीओ)ले हेर्ने कानुनी व्यवस्था छ । जसकारण पक्राउ परेका दुई जनाविरुद्ध सीडीओ कार्यालयले अनुसन्धानका लागि पाँच दिनको म्याद समेत पाएको थियो । तर, पाँच दिनको म्याद लिएपनि पक्राउ परेको दुई दिनमै उनीहरु रिहा भएको छन् ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंमा बिहीबार जनही दश हजार रुपैयाँ धरौटी बुझाएर उनीहरु रिहा भएका हुन् । परिसरका एसपी तथा प्रवक्ता अपील राज बोहराले पनि उनीहरु रिहा भएको विषय स्वीकार गरे । ‘सीडीओ कार्यालयको आदेश भएपछि हामीले उहाँहरुलाई रिहा गरेका हौं’, एसपी बोहराले संचारकर्मीसँग भने । तर, यति छिट्टै उनीहरुको मुद्दा कसरी सीडीओ कार्यालय पुग्यो भन्नेबारे प्रहरीले केही बताएको छैन । स्रोतकाअनुसार पूर्वतयारी अनुसार नै उनीहरुलाई पक्राउ गरेर तुरुन्तै मुद्दा दायर गरिएको हो ।

‘माथिको निर्देशनअनुसार पहिला मुद्दाको कागजात तयार पारेपछि बल्ल उनीहरुलाई नियन्त्रणमा लिइएको हो । लगत्तै मुद्दा पेस भयो । अनि उहाँहरु छुट्नुभयो’, एक अनुसन्धान अधिकृतले भने । पक्राउ परेका कुँवर शंकरदेव क्याम्पसमा अध्ययनरत नेविसंघका नेता हुन् भने कार्की सानोठिमी क्याम्पसमा अध्ययनरत थिए । त्रिविमा तोडफोड गरेपछि निकालेको विज्ञप्तीमा समेत उनीहरुको नाम र हस्ताक्षर थियो । तोडफोडको भिडियोमा समेत उनीहरुको अनुहार प्रष्ट देखिन्थ्यो ।

**२ जनाविरुद्ध दर्ता भएन जाहेरी**

कार्की र कुँवर पक्राउ परेर सुटुक्क रिहा भएपनि यो प्रकरणमा जोडिएका दुई जनाविरुद्धको उजुरी भने प्रहरीले दर्ता नै नगरेको पाइएको छ । उजुरी दर्ता नभएकाहरुमा मदनराज उपाध्याय र भुवन ओझा छन् । उनीहरुविरुद्ध उजुरी आएपनि गृहमन्त्रालयकै दबाबका कारण दर्ता गर्न नसकिएको एक अनुसन्धान अधिकारी बताउँछन् । उजुरी दर्ता नभएका उपाध्याय २०७९ मा भएको स्ववियु निर्वाचनबाट निर्वाचित स्ववियु सचिव हुन् ।

भुवन ओझा भने निर्वाचित सहसचिव हुन् । शंकर देवमा यो पटक स्ववियु निर्वाचन भएकाले उनीहरुले कामकाज गरिरहेका छन् । मदनराज उपाध्याय गृहमन्त्री रमेश लेखक निकट मानिन्छन् । भुवन ओझा भने नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा निकट मानिन्छन् । सभापति र गृहमन्त्री निकट रहेकै कारण तोडफोडको जाहेरी आउँदा समेत प्रहरीले दर्ता गर्न सकेन ।

जाहेरी नै दर्ता नभएका ओझा र उपाध्याय पनि तोडफोडमा उत्रिएको भिडियोमै प्रष्ट देखिन्छ । तर भिडियोसहितको प्रमाण हुँदाहुँदै उनीहरुले भने शक्तिकेन्द्रको पहुँचकै कारण उन्मुक्ति पाएको एक अधिकृत सुनाउँछन् ।

**“अभियुक्त छुटेपछि त्रासमा छौं”**

त्रिभुवन विश्वविद्यालयमा नेविसंघका नेता तथा स्ववियु पदाधिकारीले तोडफोड र तालबान्दी गरेपछि उपकुलपति प्रा.डा. खड्ग केसी, रेक्टर प्रा.डा. दुविनन्द ढकाल र रजिस्ट्रार प्रा.डा. केदारप्रसाद रिजाल कार्यालय गएका छैनन् । डर र त्रासमा रहेका पदाधिकारी पुल्चोक क्याम्पसबाट दैनिक कामकाज गरिरहेका छन् । ‘कहिले पुल्चोक, कहिले पनिका, कहिले डीन अफिसमा बसेर काम गरिरहनु भएको छ,’ त्रिविका एक अधिकारीले भने ।

तोडफोडमा संलग्नलाई कारबाही गर्नुको सट्टा पक्राउ परेकालाई पनि छोडेपछि पदाधिकारीहरूले थप असुरक्षित महसुस गरेका छन् । ‘सरहरू कार्यकक्षमा आउने स्थिति छैन, तोडफोड गर्नेलाई कारबाही नभएसम्म कार्यकक्षमा आउने अवस्था छैन,’ भीसी कार्यालयका एक कर्मचारीले भने । यतिसम्म कि, तोडफोडमा संलग्नहरूले पदाधिकारीहरूलाई विद्यार्थीले ज्यान मार्नेसम्मको धम्की दिएका छन् । त्रिविले दोषीलाई कारबाही गर्न प्रहरी वृत्त कीर्तिपुरमा २१ जेठमा जाहेरी दिएको थियो ।

सीसीटीभी फुटेजको आधारमा दोषी पहिचान गरी कारबाही गर्न त्रिविले जाहेरीमा भनेको थियो । तर, पहुँचकै आधारमा पक्राउ परेका कोही छुट्ने र कोही पक्राउ नै नपर्ने र कतिपयविरुद्ध उजुरी नै दर्ता नहुने भएपछि त्रिविका पदाधिकारी त्रासमा छन् । सार्वजनिक सम्पत्ति तोडफोड गर्नुलाई कानुनले समेत अपराध भनेको छ । मुलुकी अपराध संहितामा सार्वजनिक सम्पत्ति तोडफोड गर्नेलाई १ वर्षसम्मको कैद र १० हजार जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले पनि त्रिविमा तोडफोड गर्नेलाई कारबाही गर्न गृह प्रशासनलाई आग्रह गरेको छ । शिक्षा मन्त्री रघुजी पन्तले दोषीलाई कारबाही गर्न गृह प्रशासनलाई अनुरोध गरेका थिए । सीसीटीभी फुटेज र विद्यार्थीहरूले विज्ञप्तिमा हस्ताक्षर गरेको आधारमा तोडफोड र नाराबाजी गर्नेहरूको नाम पहिचान भएको थियो । तर पनि शक्तिकेन्द्रले संरक्षण दिँदा आरोपितले उन्मुक्ति पाएका छन् ।

त्रिविका अनुसार मदनराज उपाध्याय, भुवन ओझा, गजेन्द्र बम, भोजराज जोशी, लोकेश कुँवर, सविन भट्ट, सोनु साह, किशोर थापा, दिक्पाल कार्की लगायत तोडफोडमा संलग्न थिए । यो समूहले १४ जेठमा उपकुलपति खड्ग केसीको कार्यकक्षमा तोडफोड गरेको थियो भने रेक्टरको कार्यालयमा तालबन्दी गरेको थियो ।

स्नातक पहिलो वर्षको भर्ना खुलाउन माग गर्दै काठमाडौं उपत्यकाका विभिन्न क्याम्पसका नेविसंघबाट निर्वाचित भएका स्ववियुका विद्यार्थी नेता उपकुलपति कार्यालय गएका थिए । उपकुलपति केसी कार्यकक्षमा नभएको समयमा तोडफोड भएको थियो । त्यसयता त्रिवि अहिले पनि अशान्त र असुरक्षित छ ।

*(स्रोत: अनलाइनखबर)*

# ‘ऊनको स्वीटर’लाई अभूतपूर्व सफलता: सबै गीत करोड क्लबमा




काठमाडौं/फिल्मलाई व्यावसायिक सफलता दिलाउन गीतसंगीतको भूमिका महत्त्वपूर्ण हुने गरेको छ । गीतको लोकप्रियताको बलमा नेपाली फिल्मले सफलता हासिल गरेका क्यौं उदाहरण छन् । त्यसमध्ये एक हो, ‘ऊनको स्वीटर’ । गत बैशाख २६ गतेबाट प्रदर्शनमा आएको यो फिल्मका गीतहरु निकै चर्चित बने । त्यसको प्रभाव फिल्मको व्यापारमा पनि पऱ्यो । अन्तत: फिल्म नै सुपरहिट बन्यो ।

बक्स अफिसमा १० करोडमाथिको व्यापार गरिसकेको यो फिल्मले गीतमा एउटा अभूतपूर्व सफलता हासिल गरेको छ । फिल्मका सबै गीत (चारवटा)ले नि:शुल्क डिजिटल प्लेटफर्म युट्युबमा १ करोड भ्यूज नघाएका छन् । कुनै पनि नेपाली फिल्मको सबै गीतले युट्युबमा एक करोड बढी भ्यूज प्राप्त गरेको यो पहिलोपटक हो । यसअर्थ ‘ऊनको स्वीटर’को गीति एल्बम नै सुपरहिट बनेको छ ।

हालै ‘चाइनेजो जिन्दगानीमा’ बोलको गीतले १ करोड भ्यूज कटाएपछि फिल्मका सबै गीत करोड क्लबमा पुगेका हुन् । यो समाचार तयार पार्दासम्म युट्युबमा ‘फूलहरू मुस्काउँछन्’ले २ करोड १० लाख (२१ मिलियन), ‘मखमली’ले १ करोड ३० लाख (१३ मिलियन), ‘काफ्ले’ले १ करोड ३० लाख (१३ मिलियन) र ‘चाइनेजो जिन्दगानीमा’ले १ करोड (१० मिलियन) भ्यूज पाएको देखिन्छ ।

चारवटै गीतको सफलतापछि निर्माता कम्पनी आर्टमाण्डुले दर्शकप्रति कृतज्ञता व्यक्त गरेको छ । यसले आगामी दिनका लागि सकारात्मक दबाब र चुनौती थपिएको कम्पनीले जनाएको छ । फिल्मका निर्देशक नवीन चौहानले भविष्यमा यस्तै मिहिनेतका साथ अझ उत्कृष्ट फिल्महरू बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । ‘ऊनको स्वीटर’ले अबको १२ दिनमा प्रदर्शनको ५१औं पूरा गर्दैछ ।

काफ्ले र गुरुङसेनी बीचको प्रेमकथामा आधारित यो फिल्ममा विपिन कार्की र मिरुना मगरको जोडी बाँधिएको छ । यसमा एलेक्स पारस, परीक्षा लिम्बू, सुरज तमु, भावना खपाङ्गी, विल्सन विक्रम राई, सुनिल पोखरेल, माओत्से गुरुङ, प्रेम सुब्बा लगायतको पनि अभिनय छ । चिन्तनराज भण्डारीको छायांकन रहेको यो फिल्मको स्क्रिप्ट निर्देशक चौहान र सुरज कटुवालले मिलेर लेखेका हुन् ।

# ‘रियाल रिङ्गेट’ टिजर: विदेशमा युवाहरूले भोग्नुपरेको यातनाको कथा




काठमाडौं/वैदेशिक रोजगारीको कठोर यथार्थतामा आधारित रहेर बनेको फिल्म ‘रियाल रिङ्गेट’को मर्मस्पर्शी टिजर सार्वजनिक गरिएको छ । आगामी साउन १६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मको २ मिनेटभन्दा लामो टिजरमा नेपाली युवाहरूको सपना, संघर्ष, पारिवारिक विछोड र प्रवासमा भोग्नुपर्ने दु:खलाई देखाइएको छ ।

नेपालमा रोजगारीको समस्याले विदेशिन बाध्य युवाहरूको पीडा र परिवारसँगको वियोगलाई प्रमुख रूपमा प्रस्तुत गरिएको टिजरमा प्रवास पुगेपछि विभिन्न षड्यन्त्रमा परेर चरम यातना भोगिरहेका युवाहरूको मार्मिक दृश्यहरू पनि समेटिएको छ । यसले वैदेशिक रोजगारीको चम्किलो आवरणभित्र लुकेका अँध्यारा पाटोहरूलाई उजागर गर्छ ।

विभोर पोखरेलको निर्देशनमा तयार भएको फिल्ममा प्रमोद चौलागाईं, नीता ढुङ्गाना, छुल्ठिम डोल्मा गुरुङ, रवीन्द्र खड्का, ध्रुव कोइराला, प्रेम सुब्बा, रामचन्द्र अधिकारी, रियर राई, रोशन श्रेष्ठ, ईश्वरी बराल, विमला गिरी लगायतको अभिनय रहेको छ । फिल्मको लेखन प्रदीप भारद्वाजले गरेका हुन् ।

गगनलाल प्रधान निर्माता रहेको फिल्म रोशन श्रेष्ठको द्वन्द्व निर्देशन, हरि घलेको छायांकन, विपिन मल्लको सम्पादन, किरण तुलाधरको ब्याकग्राउन्ड स्कोर तथा राजीव समरको कोरियोग्राफी छ । फिल्मका गीतहरूमा रामचन्द्र काफ्ले, किरण तुलाधर र चन्दन ध्वज केसीको संगीत रहेको छ भने सुगम पोखरेल, केतन क्षेत्री, रामचन्द्र काफ्ले र जुनु रिजालको स्वर सुन्न सकिनेछ ।

# विद्यालय शिक्षा विधेयकमा सरकार एकातिर, संसदीय समिति अर्कैतिर



काठमाडौं/विद्यालय शिक्षा विधेयकमा सरकार एकातिर र संसदीय समिति अर्कैतिर भएको छ । सरकारको तर्फबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शनिबार प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा आफ्नो धारणा प्रस्तुत गरेको थियो । सो क्रममा सरकार र समितिको धारणा फरक-फरक आएको हो । विधेयकमाथि उपसमितिले ४५ दिन लगाएर तयार पारेको प्रतिवेदनभन्दा फरक गरी सरकारको धारणा आएको समितिको तर्क छ ।

**सरकारले ल्याएको प्रस्तावमा के छ ?**

**निजी विद्यालय गुठी र कम्पनी अन्तर्गत स्थापना र सञ्चालन**

समितिले मुख्यत: निजी विद्यालय, ईसीडी र शिक्षक महासंघसँग भएको सहमतिबारे सरकारको धारणा मागेको थियो । जसमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निजी विद्यालयलाई शैक्षिक गुठी र कम्पनीअन्तर्गत स्थापना र सञ्चालनको प्रस्ताव गरेको छ । तर, मुल विधेयकमा ऐन प्रारम्भ भएपछि निजी लगानीको विद्यालय शैक्षिक गुठीमा स्थापना र सञ्चालन हुने भनिएको छ । यो प्रावधानले निजी विद्यालयको सिन्डिकेट हुने भएकाले गुठी र कम्पनी दुवैअन्तर्गत स्थापना गर्नुपर्ने जिकिर सरकारको छ ।

‘विधेयकको संशोधनमा माननीयले प्राइभेट पनि हुनुपर्छ, गुठी पनि हुनुपर्छ भन्ने छ । माननीयहरूको संशोधनलाई स्वीकार गरेको हो । सरकार लचिलो भएको हो । चलिरहेकाको सिन्डिकेट हुने भयो, त्यसलाई रोक्न पनि हो,’ समिति बैठकमा शिक्षा मन्त्री रघुजी पन्तले भने । निजी विद्यालय सञ्चालन र स्थापनाको विषयमा समितिका धेरैजसो सांसदहरू निश्चित समय दिएर सबै निजी विद्यालयलाई गुठीमा ल्याउनुपर्ने पक्षमा छन् ।

मन्त्रालयले ऐन प्रारम्भ हुनुअघि विद्यालय स्थापना र सञ्चालन गर्न अनुमति प्राप्त गरेका विद्यालयको हकमा ऐन जारी भएपछिको पहिलो शैक्षिक सत्रबाट सञ्चालन नभए स्वत: खारेज हुने प्रस्ताव गरेको छ ।

**१ वर्षको ईसीडी**

प्रारम्भिक बालविकास (ईसीडी) लाई एक वर्षको बनाउने प्रस्ताव सरकारको छ । मुल विधेयकमा ४ वर्ष उमेर पूरा भएका बालबालिकालाई कक्षा १ मा भर्ना हुनुभन्दा अगाडि १ वर्षको बालविकास तथा शिक्षा हुने भनिएको छ । शिक्षा मन्त्रालयले मुल विधेयकको प्रावधानलाई नै स्वीकार गरेको छ । तर उपसमितिले २ वर्षको ईसीडी बनाउने र विद्यालय संरचनाभित्र ल्याउने प्रस्ताव गरेको छ ।

‘ईसीडीमा निकै अध्ययन भयो । अहिले १ वर्षको बालविकास राखौं । भविष्यमा कति राख्ने छलफल गरौं । शिक्षा नीतिमा पनि १ वर्षको छ,’ मन्त्री पन्तले भने । २ वर्षको बनाउन २८ देखि ३० अर्ब दायित्व बढ्ने मन्त्रालयको तर्क छ । सरकारको नीति र अन्तराष्ट्रिय अभ्यासको आधारमा ईसीडीलाई १ वर्ष बनाउनुपर्ने प्रस्ताव मन्त्रालयको हो । बंगलादेश, भारत, पाकिस्तान, श्रीलंका, अष्ट्रेलिया, बेलायत, क्यानडा, न्युजिल्यान्ड, दक्षिण अफ्रिका, थाइल्यान्ड, लिथुनिया, स्विडेन लगायतका देशमा पनि १ वर्षको ईसीडी रहेको मन्त्रालयको भनाइ छ । ईसीडीको स्थापना र सञ्चालन, व्यवस्थापनको अधिकार स्थानीय तहलाई दिने प्रस्ताव मन्त्रालयको छ ।

**आन्तरिक ६० र खुला ४० प्रतिशत**

राहत शिक्षक, अनुदान कोटा, विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षकबीच कूल दरबन्दीको ६० प्रतिशत सिटमा आन्तरिक र ४० प्रतिशत सिटमा खुला प्रतियोगिताको आधारमा परीक्षा लिई आयोगको सिफारिसमा पदपूर्ति गर्ने प्रस्ताव मन्त्रालयको छ । उपसमितिले पनि ६०/४० प्रतिशत गर्ने प्रस्ताव गरेको छ ।

‘उपसमितिको प्रतिवेदनलाई नै स्वीकार गरेका हौं,’ मन्त्री पन्तले भने । यसअघि शिक्षक महासंघ र सरकारबीच ७५/२५ प्रतिशत गर्ने सहमति भएको थियो । तर नयाँ शिक्षक आउने बाटो खुला गर्न शिक्षा मन्त्रालयले ६०/४० को प्रस्ताव गरेको हो । तर यसमा शिक्षक महासंघ सहमत छैन ।

‘हामीसँग भएको सहमति ७५/२५ हो । मन्त्रालयको प्रस्तावमा महासंघको सहमति छैन,’ अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले भने । समितिको बैठकमा मन्त्री पन्तले शिक्षक महासंघसँग २७ बुँदे सहमति भएको तर केही विषयमा महासंघ र सरकारको धारणा फरक रहेको बताए । शिक्षकले पाउने बिदामा बेतलबी बिदालाई थप गर्ने प्रस्ताव मन्त्रालयको छ ।

**एसईई प्रदेश स्तरमा गर्ने प्रस्ताव**

मन्त्रालयले माध्यमिक शिक्षा परीक्षा (एसईई) प्रदेशबाट सञ्चालन गर्ने प्रस्ताव गरेको छ । कक्षा १० उत्तीर्णपश्चात् विभिन्न शिक्षाका धारमा अध्ययन गर्नसक्ने भएकोले परीक्षा प्राणाली र मूल्यांकन मापदण्डमा एकरूपता कायम गर्न एसईई आवश्यक रहेको मन्त्रालयको निष्कर्ष छ ।

‘कक्षा १० कोअन्तिम परीक्षा (एसईई) प्रदेश स्तरमा हुनेछ,’ मन्त्रालयको प्रस्तावमा भनिएको छ । एसईई परीक्षा बोर्डको समन्वय र सम्बन्धित शिक्षा कार्यालयको संयोजनमा सञ्चालन हुने मन्त्रालयको प्रस्तावमा छ । मुल विधेयक र उपसमितिको प्रतिवेदनमा एसईई समावेश गरिएको थिएन ।

**शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालयको प्रस्ताव**

मन्त्रालयले शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालय रहने प्रस्ताव गरेको छ । उपसमितिले विभागको सट्टा शिक्षा तथा मानव स्रोत विकास केन्द्र राख्ने प्रस्ताव गरेको थियो । विद्यालय शिक्षाको राष्ट्रिय नीति योजना र मापदण्ड कार्यान्वयन गर्न, प्रदेशको शिक्षा हेर्ने निकाय तथा स्थानीय तहसँग शिक्षाको सम्बन्धमा समन्वय तथा अन्य आवश्यक कार्य गर्न मन्त्रालय अन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्र रहने उपसमितिको प्रतिवेदनमा उल्लेख छ । तर काम कर्तव्य उही राखेर केन्द्रको सट्टा शिक्षा विभाग राख्ने प्रस्ताव मन्त्रालयको छ । त्यसैगरी मुल विधेयकमा जिल्ला शिक्षा कार्यालय थियो । उपसमितिले हटाउने प्रस्ताव गरेको थियो । तर मन्त्रालयले राख्नुपर्ने प्रस्ताव गरेको हो ।

**शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रस्ताव**

मन्त्रालयले शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रस्ताव गरेको छ । उपसमितिले शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणको प्रस्ताव गरेको थियो । प्राधिकरणको अवधारणाले ठूलो संरचना, स्रोत-साधन र स्वायत्तताको समेत माग गर्ने भएकाले प्राधिकरणको सट्टा केन्द्र राख्ने प्रस्ताव गरेको हो । मुल विधेयकमा पनि शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रस्ताव गरिएको छ । केन्द्रले विद्यालय शिक्षा प्रणालीको समग्र शैक्षिक गुणस्तर परीक्षण, विद्यालयको परीक्षण, सिकाइको उपलब्धि परीक्षण लगायतको काम गर्ने भनिएको छ ।

उपसमितिको भन्दा फरक गरी मन्त्रालयको धारणा आएकाले समितिका धेरैजसो सांसदले असन्तुष्टि जनाएका छन् । ‘उपसमितिले ४५ दिन छलफल गरेको विषय हो । मन्त्री र सचिव बसेर टुंगो लगाएको विषय इन्कार गर्ने भन्ने हुँदैन । फेरि जिरोमा जाने कुरा हुँदैन,’ समिति सभापति अम्मरबहादुर थापाले भने । समितिका सभापति थापा अझै पनि सरकारको धारणा स्पष्ट नआएको बताउँछन् । ‘अहिले पनि सरकार क्लियर भएर आएको छैन । एकातिर असार १५ गतेसम्मको म्याद छ, अर्कोतिर सरकार तयार भएको छैन,’ उनले भने । कसैको दबाब र प्रभावमा ऐन नबनाउने पनि सभापति थापाले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# ‘कन्नप्पा’ ट्रेलर: भगवान् शिव बने अक्षय कुमार, प्रभासको रुद्र अवतार

काठमाडौं/बलिउड र साउथका ठूला स्टारहरूको अभिनय रहेको फिल्म ‘कन्नप्पा’को ट्रेलर सार्वजनिक गरिएको छ । तीन मिनेट लामो ट्रेलरले फिल्मको कथावस्तुबारे प्रकाश पारेको छ । एउटा कट्टर नास्तिक कसरी भगवान् शिवको भक्त हुन्छ भन्ने कथामा फिल्म आधारित रहेको ट्रेलरबाट बुझ्न सकिन्छ । आक्रमणकारीहरूबाट वायुलिंगलाई बचाउन नास्तिक पात्रले गरेको संघर्ष ट्रेलरमा देखाइएको छ ।

ट्रेलरमा अभिनेता अक्षय कुमारलाई भगवान् शिवको रुपमा देख्न सकिन्छ, जसले उनको पछिल्लो फिल्म ‘ओएमजी २’को याद ताजा गराउँछ । तमिल अभिनेत्री काजल अग्रवाल पार्वती (महादेवकी पत्नी)को भूमिकामा छिन् । ट्रेलरमा ‘बाहुबली’ स्टार प्रभास भने रुद्र बनेर देखिएका छन् । कट्टर नास्तिकलाई आफ्नो सबैभन्दा ठूलो भक्त बनाउन भगवान् शिवले रुद्रलाई पठाएको ट्रेलरमा देखिन्छ ।

मुकेश कुमार सिंहको निर्देशनमा तयार भएको ‘कन्नप्पा’मा अक्षय, प्रभास र काजलसहित विष्णु मान्चू, मोहन बाबू, मोहनलाल, ब्रह्मानन्दम, शरत कुमार, अर्पित रांका, सप्तगिरी, मुकेश ऋषि, मधुबाला, ऐश्वर्या भास्करन, ब्रह्माजी, देवराज लगायतको अभिनय छ । ट्रेलर हेर्दा फिल्मको कथा विष्णु मान्चूमा केन्द्रित रहेको देखिन्छ । उनी नै कट्टर नास्तिकबाट शिवको ठूलो भक्त बनेका छन् ।

हिन्दीसहित तमिल, तेलुगु, मलयालम र कन्नड भाषामा तयार भएको फिल्मको निर्माण मोहन बाबूले गरेका हुन् । कलाकारको बलियो लाइनअपका कारण ‘कन्नप्पा’ले यस वर्षकै सबैभन्दा ठूलो कमाइ गर्न सक्ने अनुमान गरिएको छ । २ सय करोड भारुमा निर्माण भएको यो फिल्म यही जुन २७ तारिख अर्थात् असार १३ गतेदेखि प्रदर्शन हुँदैछ । नेपालमा भने यसको प्रदर्शन अन्योल छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# हेटौंडा-सिन्धुली खण्डको डेढ किमि सडक अझै निर्माण हुन सकेन

साझाकुरा संवाददाता

हेटौंडा, १ असार/मदन भण्डारी राजमार्गअन्तर्गत हेटौंडा-सिन्धुली खण्डको करिब डेढ किलोमिटर सडक अझै निर्माण हुन सकेको छैन ।

झण्डै १२० किलोमिटर लामो यो खण्ड दुई वर्षदेखि सञ्चालनमा आएपनि केही स्थानमा स्थानीयको अवरोध र पछिल्लो समय बजेट अभावका कारण सडक निर्माण अधुरो रहेको हो । सिन्धुलीतर्फको ८५ र हेटौंडातर्फको ३५ किलोमिटर सडकमध्ये अधिकांश कालोपत्रे भएपनि कमलामाई नगरपालिका-६ र ४ नम्बर वडाका चार स्थानमा अझै सडक बनेको छैन । सुरुमा मुआब्जा र सडक मापदण्डका विषयमा स्थानीयको असहमति थियो । अहिले सहमति बनेपनि काम अघि बढ्न सकेको छैन ।

कमलामाई नगरपालिका प्रमुख उपेन्द्रकुमार पोखरेलका अनुसार नालाबाहेक ११ मिटर सडक बनाउने सहमति पछि अधिकांश स्थानमा निर्माण सम्पन्न भएपनि विवादितक्षेत्र छाडेर निर्माण कम्पनीले काम सम्पन्न गरिसकेको छ । ती खण्ड सडक विभागलाई हस्तान्तरण भइसकेपछि छुटेका भागका लागि पुन: बजेट माग गर्नुपरेको उनले बताए । डिभिजन सडक कार्यालय हेटौंडाका प्रमुख गुरु अधिकारीका अनुसार अधुरो सडक निर्माणका लागि चालु आर्थिक वर्षमा माग गरिएको बजेट नपरेको र अब आगामी वर्षका लागि प्रक्रिया थालिएको छ ।



विवादका कारण कमलामाई-६ को धुरानसिरान, वडा नम्बर ४ को ढकालगाउँ, साङबाले, खट्टार, मरिण र हरिहरपुरगढीमा करिब डेढ किलोमिटर सडक निर्माण हुन सकेको छैन । यसैबीच ग्वाङ्खोलामा २०६५ सालमा निर्माण गरिएको पुल नै अहिलेसम्म सञ्चालनमा छ । जुन जीर्ण भएकाले एकतर्फी मात्र सवारीसाधन चलाइएको छ । छुटेका खण्डमा काम गर्न बजेट माग गरिएकोमा यो वर्ष नपरेको र आगामी वर्षमा फेरि सडक विभागमा स्वीकृति माग्ने तयारी भएको डिभिजन सडक कार्यालय हेटौंडाका प्रमुख अधिकारीले सुनाए ।

'पुल निर्माण गर्ने कार्यक्रम छैन, छुटेको सडक निर्माणका लागि स्वीकृति माग गरिएको छ,' उनले भने, 'आगामी आर्थिक वर्षमा हुन्छ भन्ने आस छ, यसबारे विभागमा जानकारी गराइसकेका छौं ।' सिन्धुलीबाट हेटौंडासम्म कतै बस्ती त कतै जंगल हुँदै यो राजमार्ग निर्माण गरिएको हो । जंगलभित्र बनेको सडकमा भिडियो, फोटो खिच्नेको भीड लाग्ने गर्छ । यो सडकले सबैको ध्यान खिच्ने गरेको छ ।

आयोजनाको सुरु लागत अनुमान ७५ अर्ब रुपैयाँ थियो । यसको दूरी १ हजार ३ सय ९० किमि छ । योमध्ये ७ सय ४० किमि मात्र निर्देशनालयको कार्यक्षेत्रभित्र पर्छ । बाँकी ६ सय ५० किमि सडक विभागअन्तर्गतकै अन्य आयोजनाले हेरिरहेका छन् ।

निर्माण थालेको ७ वर्षमा प्रगति भने ५१ प्रतिशत मात्र भएको छ । सडक निर्माणमा पर्ने रुख कटान र बजेट अभाव मुख्य समस्या रहेको मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालयका निर्देशक दीप बाराहीले बताए । '७ सय ४० किमिमा ३ सय ६५ किमि सडक कालोपत्र भएको छ, आयोजना सुरु भएयता ३८ अर्ब खर्च भइसकेको छ,' उनले भने, 'बजेट अभावमा भने सोचेअनुरुप काम गर्न सकिएको छैन ।'

आयोजना सुरु गर्दै गर्दा आर्थिक वर्ष २०८१/८२ मा सक्ने भनिएको थियो । यो समयभित्र काम नसकिने भएपछि २०८४/८५ सम्मका लागि समय थपको प्रस्ताव गरिएको निर्देशनालयले जनाएको छ । समग्र राजमार्गमा १ सय ८५ वटा पुल निर्माण गर्नुपर्नेछ । अहिलेसम्म १ सय ४४ वटा पुलको मात्र निर्माण सकिएको आयोजनाले जनाएको छ ।

'हामीलाई अहिले ठूलो समस्या भनेको बजेटको हो, आगामी आर्थिक वर्षका लागि ६ अर्ब माग गरिएकामा २ अर्ब ५१ करोड रुपैयाँ मात्र विनियोजन भएको छ,' बाराहीले भने, 'जसले गर्दा नयाँ ठेक्का व्यवस्थापनको काम गर्न समस्या छ ।' यो राजमार्गका लागि चालु आर्थिक वर्षमा ३ अर्ब ६० करोड रुपैयाँ विनियोजन गरिएको छ ।

# कैलाशका खानेपानीका धारा र ट्यांकी अनुगमन



साझाकुरा संवाददाता

हेटौंडा, १ असार/ मकवानपुरको कैलाश गाउँपालिका वडा नम्बर १० कौसिराङ घट्टेचौर क्षेत्रमा निर्माण भएका खानेपानीका ट्यांकी र धाराको अनुगमन गरिएको छ ।

आइतबार गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तान, वडा १० का वडाध्यक्ष सूर्यबहादुर ब्लोन, साझेदार संस्था नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) का साझेदार निर्देशक डा. सुरेश तामाङ, कार्यक्रम व्यवस्थापक नीराजन पोखरेल, कार्यक्रम संयोजक लिलबहादुर कार्की, कौसिराङ घट्टेचौर खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष संवेश सिन्तानलगायतको टोलीले संयुक्त अनुगमन गरेका हुन् ।

आरआरएनद्वारा वेल्ट हंगर हिल्फे (डब्लुएचएच) को सहयोगमा सञ्चालित खानेपानी, सरसफाई तथा स्वच्छता प्रणालीको सुदृढीकरण तथा व्यवहार परिवर्तन परियोजना अनुरुप गाउँपालिकासँगको सहकार्यमा ३४ वटा धारा, एक वटा बिपिटी, २ वटा आरबिटि, एक इन्टेक निर्माण गरी खानेपानी घरघरमा पुर्याइएको कार्यक्रम संयोजक कार्कीले बताए । उपभोक्ता समिति गठन गरी तीन महिनामा खानेपानी र सरसफाई सम्बन्धित काम गरिएको उनले बताए । संस्थाको १९ लाख, गाउँपालिकाको ६ लाख र उपभोक्ताको ६ लाख ४२ हजार लागतमा सम्पूर्ण निर्माणकार्य सम्पन्न भएको संयोजक कार्कीले बताए ।

अनुगमनपश्चात गाउँपालिका अध्यक्ष मुक्तानले गाउँपालिकाभित्र खानेपानीक्षेत्रमा काम गर्ने विभिन्न साझेदार संस्थासँग सहकार्य गरेर खानेपानी र सरसफाइको क्षेत्रमा काम गरिने बताए । दीगो विकास लक्ष्य अनुसार सुरक्षित स्रोत, प्रयोग गरिने स्थानको उपलब्धता र आवश्यकता अनुसार पर्याप्त पानीका स्रोत भएमात्रै घरघरमा पानी लान सकिने उनको भनाई छ । 'हामीलाई सफा पानी भन्दा पनि सुरक्षित पानी आवश्यक पर्दछ, मानवस्वास्थ्यलाई हानी गर्ने भौतिक, जैविक र रासायनिकपदार्थ नभएको पानी हामीलाई आवश्यक हो' अध्यक्ष मुक्तानले भने ।

निर्माण भएका धारा र ट्यांकीको संरक्षण गर्ने उपभोक्ता समितिको जिम्मेवार रहेकाले मुहान दर्ताका साथै समिति पनि दर्ता गर्न उनले आग्रह गरे । खानेपानी र सरसफाईका लागि ठुलो गुरुयोजना बनाएर साझेदारी संस्थासँग सहकार्य गरेर घरघरमा खानेपानी लगिने उनले बताए । स्थानीय उपभोक्ता कृष्णमाया सिन्तानले पहिले खोल्साबाट पानी बोकेर ल्याउने गरेको सुनाइन् । हामीले फोहोर पानी खाइरहेका रहेछौं, अहिले घरकै धारामा पानी खस्छ, धेरै सुविधा भयो, उनले भनिन् ।

निर्माणपश्चात यसको संरक्षण, दिगोपना, नियमित प्रयोगका साथै स्वच्छता र सरसफाईमा ध्यान दिनुपर्ने साझेदारी निर्देशक डा. तामाङले बताए । विदेशी संस्था र राज्यको लगानी परेको पनि मुहानदेखि पाइप र धारासम्मको संरचनामा विशेष ध्यानदिन आग्रह गरेका छन् । राज्यको नीति नै एक घर एक धारा रहेको छ, खानेपानी मात्र आएर हुन्न, सफा र सुरक्षित पानी आउनुपर्ने र उपभोक्ताले उपभोग गर्नुपर्ने उनले बताए । अनुगमनसँगै स्थानीय उपभोक्तासँग खानेपानी, सरसफाई र स्वच्छताको विषयमा छलफल गरिएको थियो ।

# रेमिट्यान्स बढ्दा राष्ट्र बैंकमा थुप्रियो ४ खर्ब, तरलता खिच्न बढाइँदै दीर्घकालीन उपकरण



काठमाडौं/वित्तीय प्रणालीको अधिक तरलता समस्या दिनहुँ बढ्दै गएको छ । रेमिट्यान्स आप्रवाहमा आएको निरन्तर सुधार र उपभोगमा आएको कमीले अधिक तरलता समस्या झनै बढेको हो ।

आर्थिक गतिविधिमा आएको सुस्तताका कारण समग्र बजारको माग बढ्न सकेको छैन । बजार माग नबढेपछि उपभोग पनि बढ्न सकेको छैन । त्यसले गर्दा बैंक वित्तीय संस्थाको कर्जा लगानी समेत अपेक्षा अनुसार बढ्न सकेको छैन ।

रेमिट्यान्स आप्रवाह बढी राख्ने र उपभोगमा सुधार नआउँदा वित्तीय प्रणालीमा अधिक तरलता समस्या देखिएको हो । आइतबार सम्म मात्रै वित्तीय प्रणालीको अधिक तरलता निक्षेप संकलन र स्थायी निक्षेप सुविधा मार्फत कुल ४ खर्ब १५ अर्ब रुपैयाँ केन्द्रीय बैंकमा थुप्रिएको छ ।

चालु आव वैशाखसम्म १३ खर्ब ५६ अर्ब ६१ करोड रेमिट्यान्स स्वदेश भित्रिएको छ । गत आव सोही अवधिमा ११ खर्ब ९८ अर्ब रेमिट्यान्स भित्रिएको थियो ।

राष्ट्र बैंकका अनुसार चालु आव वैशाखमा मात्रै विप्रेषण आप्रवाह १ खर्ब ६५ अर्ब ३० करोड छ । गत आव सोही अवधिमा १ खर्ब १५ अर्ब ९९ करोड थियो ।

रेमिट्यान्स आप्रवाह बढ्दा बैंक तथा वित्तीय संस्थाले राष्ट्र बैंकलाई बिक्री गरी नेपाली रुपैयाँ लैजाँदा तरलता अधिक हुन मद्दत पुगेको केन्द्रीय बैंकका कार्यकारी निर्देशक दयाराम शर्मा पँगेनीले बताए ।

'उपभोगमा अपेक्षित सुधार नआएपछि वित्तीय प्रणालीमा अधिक तरलता भएको हो,' पँगेनीले भने, 'रेमिट्यान्स निरन्तर बढेको छ, उपभोग बढेको छैन, कर्जाको मागमा समेत हुनुपर्ने जति नहुँदा प्रणालीको पैसा केन्द्रीय बैंकमा खिचिएको हो ।'

रेमिट्यान्स आप्रवाहमा आएको सुधारले बैंक तथा वित्तीय संस्थासँग विदेशी मुद्रा सञ्चिति बढेको छ । बैंकहरूले तोकिएको सीमाभन्दा धेरै विदेशी मुद्रा राख्न पाउँदैनन् । त्यसपछि सीमाभन्दा धेरै भएको विदेशी मुद्रा केन्द्रीय बैंकलाई बिक्री गर्नुपर्छ ।

केन्द्रीय बैंकले विदेशी मुद्रा लिएर बैंक तथा वित्तीय संस्थालाई दिएको पैसाले अधिकत तरलता भएपछि विभिन्न वित्तीय औजार मार्फत सोही पैसा फिर्ता लगेको हो । यसरी केन्द्रीय बैंकले पैसा फिर्ता लिँदा बैंकहरूलाई ३ प्रतिशतसम्म ब्याजदर दिने गरेको छ ।

वित्तीय प्रणालीमा अधिक तरलता भए पनि अल्पकालीन ब्याजदरमा अस्वाभाविक गिरावट आउँछ । त्यसैले केन्द्रीय बैंकले ब्याजदरको अस्वाभाविक उतार चढाव नियन्त्रण गर्न पनि प्रणालीको तरलता खिच्छ ।

पछिल्लो समय केन्द्रीय बैंकले प्रणालीको तरला खिच्न निक्षेप संकलन उपकरण र स्थायी निक्षेप सुविधा प्रयोग गर्दै आएको छ । तर, पछिल्लो समय अल्पकालीन निक्षेप संकलन उपकरणभन्दा पनि दीर्घकालीनमा केन्द्रीय बैंकले जोड दिन थालेको छ । आइतबार केन्द्रीय बैंकल जेठयता २ पटक ४२ दिने निक्षेप संकलन उपकरण प्रयोग गरि सकेको छ । त्यसभन्दा पनि धेरै अवधिको निक्षेप उपकरणका सन्दर्भमा समेत राष्ट्र बैंकको खुला बजार कारोबार समितिमा छलफल भइरहेको पँगेनीले बताए ।

आइतबार केन्द्रीय बैंक ४० अर्ब रुपैयाँ बराबर ४२ दिने निक्षेप संकलन माग गरेको थियो । त्यसमा बैंक तथा वित्तीय संस्थाले ४२ अर्ब २० करोड दिन तयार भएका थिए । आइतबार निक्षेप संकलनको औसत ब्याजदर २.९९ प्रतिशत कायम भएको छ ।

# गिट्टी, बालुवा करसंकलकको म्याद असार १ देखि सकियो

साझाकुरा संवाददाता

हेटौंडा, १ असार/ हेटौंडा उपमहानगरपालिकाले ढुंगा, गिट्टी, बालुवाबाट कर संकलन गर्ने दैनिक ज्यालादारीमा नियुक्त कर्मचारीको म्याद असार १ गतेदेखि नथप्ने निर्णय गरेको छ ।

उपमहानगरपालिकाको कार्यपालिका बैठकले यस्तो निर्णय गर्दै उपमहानगर क्षेत्रभित्र खहरे, खोला तथा नदीबाट हुने अवैध नदीजन्यपदार्थको उत्खनन् र चोरी निकासी नियन्त्रण गर्न खटाइएका कर संकलकलाई अवकाश दिने भएको हो । उपमहानगरपालिकाले कर संकलकमार्फत चोरी निकासी नियन्त्रण गर्ने, जरिवाना लगाउने जस्ता कार्य गर्दै आएको थियो । अब भने ती कर्मचारीको सेवा नथप्ने र वैकल्पिक उपायमार्फत व्यवस्थापन गरिने नगरपालिकाले जनाएको छ ।

# महिलाउद्यमी रोजगार मेला सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, १ असार/ मकवानपुर महिला उद्यमी व्यवसायी संघको आयोजनामा भएको महिला उद्यमी रोजगार दुईदिने मेला सम्पन्न भएको छ । बागमती प्रदेश सरकारको श्रम, रोजगार तथा यातायात मन्त्रालय र हेटौंडा उपमहानगरपालिकाको सहयोगमा शुक्रबार र शनिबार मेला आयोजना गरिएको हो ।

२ दिनको मेलामा प्रदेशका १३ वटै जिल्लाका महिला उद्यमीको सहभागिता रहेको थियो । हेटौंडा-२ स्थित होटल एभोकाडोमा भएको मेलामा उद्यम, व्यवसायसम्बन्ध कार्यशाला भएको थियो । कार्यशालामा अधिवक्ता एवम् लेखापरीक्षक कृष्णप्रसाद भण्डारीले लेखासम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए । श्रम, रोजगार तथा यातायात मन्त्रालयकी महाशाखा प्रमुख सुनिता गजुरेलले सरकारी निकायबाट भएगरेका कामको विषयमा प्रस्तुती राखेकी थिइन् ।

महिलाउद्यमी शर्मिला डंगोलले सहकारीको वित्तीय सेवासम्बन्धी कार्यपत्र प्रस्तुत गरेकी थिइन् । आन्तरिक राजश्व कार्यालय हेटौंडाका करअधिकृत प्रेमप्रसाद तिमल्सिनाले आन्तरिक राजश्व र करसम्बन्धी कार्यपत्र, नबिल बैंकका वरिष्ठ अधिकृत चन्द्रबहादुर श्रेष्ठ र ॠणअधिकृत प्रशान्त गौतमले बैंकिङ सेवा, सुविधासम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए ।

मकवानपुर महिलाउद्यमी व्यवसायी संघकी अध्यक्ष सुशीला पाण्डेले मेलाको आयोजना गरेर उद्यम, व्यवसायमा सक्रिय महिला उद्यमी, व्यवसायीलाई आआफ्नो उद्यम र व्यवसायलाई अझ विस्तार गर्न प्रोत्साहित गर्न खोजिएको बताइन् । मेलामा सहभागी महिलाउद्यमीले आफ्ना वस्तुको प्रदर्शनी तथा विक्री गरेका थिए । समापन समारोहमा हेटौंडा-१० का वडाध्यक्ष फूर्वादोर्जे लामा, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाटको पनि आतिथ्य रहेको थियो ।

# खड्गीको अध्यक्षतामा १७ सदस्यीय खेलकुद सरोकार समाज गठन

साझाकुरा संवाददाता

हेटौंडा, १ असार/ खेलकुद र खेलाडीको दिगो विकास गर्ने उद्देश्यले मकवानपुरमा खेलकुद सरोकार समाजको स्थापना गरिएको छ ।

खेलाडी, अभिभावक, प्रशिक्षक, प्राविधिक तथा खेलसम्बद्ध संघसंस्थालाई प्रोत्साहन र प्रेरणा दिने उद्देश्यले समाजको सथापना गरिएको आइतबार आयोजित पत्रकार सम्मेलनमा बताइएको छ । खेलकुद विकास समितिका पूर्व अध्यक्ष भेष खड्गीको अध्यक्षतामा १७ सदस्यीय कार्यसमिति गठन गरिएको छ । समितिको उपाध्यक्षमा बसन्तकुमार सिटौला, महासचिवमा लालकुमार पौडेल, सचिवमा आलोक स्याङ्तान र कोषाध्यक्षमा शोभा घिमिरे रहेका छन् ।




आर्थिक पाटोलाई दीर्घकालीनरुपमा व्यवस्थापन गर्न अक्षयकोषको निर्माण गरिएको अध्यक्ष खड्गीले जानकारी दिएका छन् । औद्योगिक खेलकुद व्यापार मेलाबाट प्राप्त सहयोग २० लाखबाट अक्षयकोषको सुरुवात गरिएको हो । अध्यक्ष खड्गीले कोषमा व्यक्तिगत रुपमा ५० हजार आर्थिक सहयोग गरेका छन् । निर्माण व्यवसायी संघ र शान्ति औद्योगिक संस्थाको आयोजनामा भएको व्यापार मेलाबाट प्राप्त ५१ हजार गरी कोषमा २१ लाख रहेको बताइएको छ । कोषमा एक करोडभन्दा बढी रकम पुर्याउने लक्ष्य राखिएको छ ।

पत्रकार सम्मेलनमा अध्यक्ष खड्गीले खेलाडीको पहिचान, उनीहरुले गरेका कार्यको सम्मान र निरन्तरताका लागि वार्षिकरुपमा मकवानपुर खेलकुद अवार्ड आयोजना गरिने बताए । समाजलाई खेलाडी र यसविधासँग जोडिएका प्रशिक्षक, प्राविधिक सबैले गौरव गर्न लायक बनाउने गरी विकास गर्ने लक्ष्य रहेको उनले बताए । अक्षयकोष मार्फत खेलकुदका गतिविधि र विविध कार्यक्रम गर्ने, वार्षिकरुपमा मकवानपुर खेलकुद अवार्ड आयोजना गर्ने, संस्थामा आबद्ध हुन चाहनेहरुका लागि निर्धारीत शुल्क लिएर सदस्यता वितरण गर्नेलगायतका कार्यक्रम तय गरिएको छ ।

# बंगलादेशमा नियमित ४० मेगावाट विद्युत निर्यात सुरु

काठमाडौं/नेपालले आजबाट बंगलादेशमा नियमित ४० मेगावाट विद्युत निर्यात थालेको छ ।

शनिबार रातीबाटै सो मात्रामा विद्युत निर्यात थालिएको ऊर्जा, जलस्रोत तथा सिञ्चाईमन्त्री दीपक खड्काले जानकारी दिए ।

उनले आजको दिनलाई ऐतिहासिक उपलब्धी समेत भनेका छन् ।

त्यसो त बंगलादेशसँग विद्युत निर्यात गत वर्षबाटै सुरु भएको हो । अघिल्लो वर्ष एक दिन मात्र विजुली पठाएर औपचारिकता दिइएको थियो ।

अब नियमित रुपमा तेस्रो मुलुकमा विद्युत जाने छ । नेपालबाट भारतको ग्रिडमार्फत बंगलादेशमा विजुली पठाउन थालिएको हो ।

ऊर्जामन्त्री खण्डकाले बिहारलाई समेत ८० मेगावाट विद्युत निर्यात थालिएको बताएका छन् ।

**हेटौंडा उपमहानगरपलिका**
**नगर कार्यपालिकाको कार्यालय**
**हेटौंडा, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

**नदीजन्य पदार्थ उत्खनन तथा संकलनमा रोक लगाएको सम्बन्धी सूचना**

हेटौंडा उपमहानगरपालिका नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम हेटौंडा उपमहानगरपालिका क्षेत्र भित्रका विभिन्न खोला तथा खहरेहरुबाट मिति २०८२ साल असार १ गते देखि २०८२ साल भाद्र मसान्तसम्म तीन महिना नदी, खोला तथा खहरेहरुबाट नदीजन्य पदार्थहरु उत्खनन तथा संकलन गर्न निषेध गरेको हुँदा निषेधित क्षेत्र र अवधिमा नदी, खोला तथा खहरेहरुबाट नदीजन्य पदार्थहरु उत्खनन तथा संकलन नगर्नु हुन यो सूचना जारी गरिएको छ । निषेधित क्षेत्र र अवधिमा नदी, खोला तथा खहरेमा पसी नदीजन्य पदार्थ उत्खनन, संकलन तथा ढुवानी कार्यमा संलग्न सवारी साधनहरुलाई प्रचलित नियमानुसार कारवाही गरी नदीजन्य पदार्थ जफत समेत गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना